# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, जेठ १५ गते, २०६५ साल (अतिरिक्ताङ्क ५ख

## भाग १

### संविधानसभा सचिवालयको सूचना

### गणतन्त्रको कार्यान्वयन गर्ने सम्बन्धी संविधानसभाको पहिलो बैठकबाट पारित प्रस्ताव

नेपाली जनताले २००७ साल पहिलेदेखि पटक-पटक गर्दै आएका ऐतिहासिक संघर्ष, क्रान्ति र जन-आन्दोलन मार्फत अभिव्यक्त जनादेशको सम्मान गर्दै, प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न, राजनीतिक दलहरुका बीच भएको सहमति तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ को उपधारा (२) अनुरुप इतिहासले सुम्पेको अभिभारालाई आत्मसात् गर्दै नेपाल सरकार, मन्त्रिपरिषद्को तर्फबाट माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले संविधानसभाको पहिलो बैठकमा प्रस्तुत गर्नु भएको गणतन्त्रको कार्यान्वयन गर्ने सम्बन्धी देहाय बमोजिमको प्रस्ताव संविधानसभाको पहिलो बैठकले वहुमतबाट पारित गरेको हुंदा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ :-

१. सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी नेपाल आजैका मितिदेखि एक संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् परिणत भएको संविधानसभाको यो पहिलो बैठक घोषणा गर्दछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मुलुकमा विधिवत् लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भएकोले यससँग बाझिने सबै संवैधानिक प्रावधान, कानून र प्रशासनिक व्यवस्था आजैका मितिदेखि बाझिएको हदसम्म खारेज भएको मानिने छ । यो घोषणा पारित हुनु भन्दा तत्काल अघि प्रचलित कानून, परम्परा, रीति, सामाजिक तथा साँस्कृतिक व्यवहार एवं अभ्यासमा रहेका तत्कालिन राजा र निजका परिवारका सदस्यलाई आम नेपाली नागरिकलाई भन्दा भिन्न रुपमा प्राप्त सम्पूर्ण अधिकार, सुविधा, हैसियत तथा उपाधि स्वतः अन्त्य हुनेछ ।

३. नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् घोषित भएको अवस्थामा राष्ट्रपतिको व्यवस्था लगायतका अत्यावश्यक प्रावधानलाई संवैधानिक रुपमा संस्थागत गर्न नेपालको अन्तरिम संविधान, २०६३ मा आवश्यक संशोधन विधेयक पेश गरिएको छ । राष्ट्रपतिको निर्वाचन प्रणाली लगायत अन्य आवश्यक विषयमा संविधान संशोधन सम्बन्धी अर्को विधेयक पेश गरिने छ ।

४. नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् प्रवेश गरी नयाँ युग आरम्भ भएको ऐतिहासिक अवसरमा यो बैठक सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछ । यस अवसरमा सम्पूर्ण नेपाली जनतालाई हार्दिक बधाई ज्ञापन गर्दै आज र अब उप्रान्त प्रत्येक सालको जेठ १५ गते गणतन्त्र दिवसलाई हर्षोल्लासपूर्ण वातावरणमा व्यापक रुपमा विविध कार्यक्रमहरुका साथ मनाउन देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण नेपालीहरुमा यो बैठक हार्दिक आव्हान गर्दछ ।

५. नेपालमा लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भइसकेको सन्दर्भमा नारायणहिटी दरबार परिसर तथा यस भित्र रहेको सम्पूर्ण सम्पदालाई ऐतिहासिक संग्रहालय लगायत राष्ट्रिय हितमा उपयोग गर्न नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउने छ ।

**प्रमाणिकरण मिति २०६५।२।१५।४**

**आज्ञाले,**
**मनोहरप्रसाद भट्टराई**
**संविधानसभाको कार्यवाहक महासचिव**

२५६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।